# दलित सशक्तीकरण र विकास गर्ने सम्बन्धमा बनेको
# ऐन, २०७९

**प्रस्तावनाः** नेपालको संविधानको धार २४ को छुवाछूत तथा भेदभाव विरुद्धको हक, धारा ४० को दलितको हक, धारा ४२ सामाजिक न्यायको हक र जातीय तथा अन्य सामाजिक भेदभाव (कसूर र सजाय) ऐन २०६८ को प्रावधानलाई आत्मसात गर्दै, दलित समुदायमाथि हुने छुवाछूत तथा जातीय भेदभाव र यसले सृजना गरेका अन्याय, अत्याचार, जातीय हिंसा र असमानताको सार्थक एवं व्यवहारिक अन्त्य र उनीहरुका मौलिक हक, अधारभूत मानवधिकार र समाजिक न्यायको सुनिश्चिततताकालागि नागरिक तथा राजनीतिक एवं आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको पूर्ण अभ्यास र उपभोगकालागि सक्षम, सवल र सक्रिय बनाउन कोशी प्रदेशको उदयपुर जिल्लाको ताप्ली गाउंपालिकाका  दलित समुदायको अधिकार प्रवद्धन, सशक्तीकरण र विकास गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा १ ले दिएको अधिकार प्रयोग गरी ताप्ली गाउंपालिका सभाले यो ऐन वनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "दलित सशक्तीकरण र विकास ऐन, २०७९ रहेको छ ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अको अर्थ नलागेमा यस ऐनमाः

(क) "**ऐन**" भन्नाले "दलित सशक्तीकरण र विकास ऐन, २०७९ लाई सम्झनु पर्नेछ ।

(ख) **"संविधान"** भन्नाले नेपालको संविधान, (२०७२) लाई सम्झनु पर्नेछ ।

(ग) **"आयोग"** भन्नाले राष्ट्रिय दलित आयोगलाई सम्झनु पर्छ ।

(घ) **"कसूर"** भन्नाले मुलुकी अपराध संहिता ऐन, २०७४ तथा जातीय तथा अन्य सामाजिक तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ बमोजिमको अपराधलाई सम्झनु पर्छ ।

(ङ) **“संहिता”** भन्नाले मुलुकी अपराध संहिता ऐन, २०७४ लाई सम्झनुपर्छ।

(च) **“दलित समुदाय”** भन्नाले राष्ट्रिय दलित आयोगले अनुसूचित गरेका र आयोगको सिफारिसमा नेपाल सरकारले दलित भनि परिभाषित र सुचीकृतगरेका समुदायलाई सम्झनु पर्छ।

(छ) **“जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव ”** भन्नाले सार्वजनिक तथा नीजि दुवै स्थानमा जात, जन्म, वंश, वर्ण वा पेशाका आधारमा गरिने कुनै पनि प्रकारको भेदभाव, बहिष्करण, अस्वीकार, प्रतिबन्ध, निषेध, शोषण, दमन, निष्काशन, नाकाबन्दी वा छुवाछूतजन्य व्यवहार, असहिष्णुता वा अवहेलना एवं जातीयभेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ को दफा ४ बमोजिमको कार्यलाई सम्झनुपर्छ।

(ज) **“प्रदेश”** भन्नाले नेपालको संविधानको अनुसूचि ४ बमोजिम कोशी प्रदेशमा समेटीएका जिल्लाहरुलाई ओगटेको नेपालको संघीय इकाइको क्षेत्र, भूभाग र स्वरूपलाई सम्झनु पर्छ।

(झ) **“प्रदेश सरकार”** भन्नाले कोशी प्रदेश सरकारलाई सम्झनु पर्दछ।

(ञ) **“सथानीय तह”** भन्नाले प्रदेश अन्तरगतका गाउँपालिका र नगरपालिकालाई सम्झनु पर्दछ।

(ट) **“स्थानीय सरकार”** भन्नाले प्रदेश एक अन्तर्गत रहेका स्थानीय सरकारहरुलाई सम्झनु पर्दछ।

(ठ) **“पालिका”** भन्नाले गाउंपालिका,नगरपालिका, उपमहानगरपालिकार महानगरपालिका समेतलाई सम्झनु पर्दछ।

(ड) **“सार्वजनिक स्थान”** भन्नाले सरकारी वा गैर सरकारीकार्यालय, शैक्षिक वा औद्योगिक प्रतिष्ठान, प्राचीन स्मारक, सार्वजनिक स्थल, पाटी-पौवा, धारा, इनार,कुवा, पोखरी, चौतारी, सडक वा बाटो, सार्वजनिक यातायातका साधन, मसानघाट, उद्यान-बगैंचा, कुनैपनि किसिमको धार्मिक स्थल जस्ता सार्वजनिक प्रयोजनमा रहेका स्थान सम्झनुपर्छ र सो शब्दले सार्वजनिक रुपमा वस्तु वा सेवा बिक्री वितरण गर्ने अन्य कुनै पनि स्थान समेतलाई जनाउनेछ।

(ढ) **“सार्वजनिक सेवा”** भन्नाले सरकारी वा गैरसरकारी कार्यालय, सार्वजनिक संस्था, यातायात, औद्योगिक वा शैक्षिक प्रतिष्ठान, कम्पनी, फर्म, पसल, होटल, रिसोर्ट,लज, रेष्टुरेण्ट, क्याफे, सिनेमा हल वा नाचघर सम्झनुपर्छ र सो शब्दले कुनै पनि सरकारी वा गैरसरकारी निकायबाट प्रदान गरिने सार्वजनिक प्रयोग वा उपयोगका कुनै पनि सेवा र सुविधा समेतलाई जनाउनेछ।

(ण) **“सार्वजनिक समारोह”** भन्नाले भोज-भतेर, पूजा-पाठ,यज्ञ, अनुष्ठान, जन्म, नामाकरण, विवाह, मृत्युजस्ता जुनसुकै प्रकारका धार्मिक, सामाजिक-सांस्कृतिक समारोह सम्झनुपर्छ।

(त) **"सार्वजनिक पद धारण गरेको व्यक्ति"** भन्नाले संविधान र अन्य प्रचलित कानून वा सम्बन्धीत निकाय वा अधिकारीको निर्णय वा आदेश बमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्य पालन गर्नुपर्ने वा दायित्व निर्वाह गर्नुपर्ने पदमा बहाल रहेको व्यक्ति सम्झनुपर्छ र सो शब्दले सार्वजनिक संस्था, गैरसरकारी संस्था तथा स्थानीय स्तरमा गठन भएको अनौपचारिक समिति समेतको कुनै पदमा बहाल रहेको पदाधिकारी वा कर्मचारी समेतलाई जनाउनेछ ।

(थ) **"अनुगमन समिति"** भन्नाले दफा ३ बमोजिम गठन हुने पालिका  जातीय भेदभाव तथा छुवाछूत उन्मूलन, अनुगमन समिति सम्झनुपर्छ ।

## परिच्छेद -२

## दलित अधिकार प्रबद्धन, सशक्तिकरण तथा विकास समिति सम्बन्धी व्यवस्था

**३. ताप्ली गाउंपालिका दलित अधिकार प्रवर्द्धन, सशक्तीकरण तथा विकास समिति:** (१) स्थानीय स्तरमा दलित अधिकार प्रवर्द्धन, सशक्तीकरण , विकास, जातीय विभेद तथा छुवाछूत घटनाहरूलाई नियन्त्रण गर्न तथा निगरानी गर्न ताप्ली गाउँपालिकामा देहाय बमोजिमको एक दलित अधिकार प्रवर्द्धन, सशक्तीकरण समिति रहनेछ :

(क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) गाउंपालिकाको कार्यपालिकामा प्रतिनिधित्व गर्ने दलित सदस्य - उपाध्यक्ष

(ग) स्थानीय दलित महिला वडा सदस्यहरु मध्येबाट गाउँपालिकाका अध्यक्षले नियुक्त गरेका २ जना -सदस्य

(ङ) स्थानीय स्तरमा प्रतिनिधित्व गर्ने राजनीतिक दलको प्रतिनिधि २ जना - सदस्य

(च) स्थानीय तहका उच्च माध्यमिक विद्यालय वा क्याम्पस प्रमुख मध्ये गाउँपालिकाका अध्यक्षले नियुक्त १ जना -सदस्य

(छ) स्थानीय तहका जनस्वास्थ्य वा अस्पतालका प्रमुख मध्ये गाउँपालिकाका अध्यक्षे तोकेका १ जना -सदस्य

(ज) दलित अधिकारको क्षेत्रमा कम्तीमा ३ बर्षदेखि कार्यगर्दै आएका दलित समुदायको व्यक्तिमध्ये स्थानीय सरकारले मनोनित गरेको स्थानीय

१ जना महिलासहित २ जना

- सदस्य

(झ) गाउँपालिकाको कार्यकारी अधिकृत - सदस्य

(३) उपदफा (२) को देहाय (ख) र देहाय (ग) बमोजिमको सदस्यहरूको पदावधि ५ वर्षको हुनेछ र निजहरू पुनः  नियुक्तहुन सक्नेछन् ।

(४) समितिले आवश्यक देखेमा आफ्नो स्थानीय तहको सम्बन्धीत सरोकारवाला निकाय व्यक्ति वा कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको कार्यालय गाउंपालिकाको कार्यालय रहेको स्थानमा रहनेछ ।

(६) समितिको उपाध्यक्षको सेवा सुविधा स्थानीय सरकारका कार्यकारीणी सरह हुनेछ ।

४. **ताप्ली गाउंपालिका दलित अधिकार प्रवर्द्धन, सशक्तीकरण तथा विकास समितिको काम, कर्तव्य र अधिकारः** (१) यस ऐनको दफा ३ बमोजिम गठीत स्थानीय दलित अधिकार प्रवर्द्धन, सशक्तीकरण तथा विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दलितको सशक्तीकरण तथा विकास गर्नको लागि आवश्यक नीति, कार्यक्रम तथा वजेटको वारेमा छलफल गरि समितिबाट पारित गरि गाउँपालिका सभामा पारितको लागि प्रस्तुत गर्ने

(ख) प्रत्येक वडालाई दलितको सशक्तिकरण तथा विकासका लागि आवश्यक नीति, कार्यक्रम र वजेट छुट्याउन प्रेरित गर्ने र सहजिकरण गर्ने ।

(ग) जातीय विभेद तथा छुवाछुत न्यूनीकरण गर्दै त्यसलाई अन्त्य गर्नको लागि आवश्यक नीति, योजना, कार्यक्रम तथा वजेटको व्यवस्था गर्ने

(घ) जातीय विभेद तथा छुवाछुतको व्यवहारिक अन्त्यको लागि आवश्यक प्रवर्द्धनात्मक, निरोधात्मक तथा प्रोत्साहनात्मक कार्यहरु गर्न तथा गराउन अभिप्रेरित गर्ने

(ङ) एक निश्चित मापदण्ड बनाई प्रत्येक वडालाई जातीय विभेद तथा छुवाछुत मुक्त वडा विभिन्न आधारहरु सहित घोषणा गर्दै सम्पूर्ण पालिकालाई नै जातीय विभेद तथा छुवाछुतमुक्त पालिका घोषणा गर्न आवश्यक तयारी, पुर्वाधार, कार्यक्रम र त्यसको दिगोपनको समेत कार्यक्रम वनाई घोषणा गर्ने, यसका लागि सूचक सहितको कार्यविधि वनाई लागु गर्ने ।

(च) जातीय विभेद तथा छुवाछुत मुक्त पालिका घोषणा भई सके पछि त्यसको दिगोपनको अनुगमन, मूल्यांकन गरि आवश्यक कार्यहरु गर्दै जाने

(छ) नेपाल पक्षराष्ट्र भएका सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५, मानव अधिकार सम्बन्धी विश्वव्यापी आवधिक प्रतिवेदन लगायत अर्न्राष्ट्रिय महासंन्धि, घोषणा, प्रतिबद्धताको आफ्नो पालिकामा भएको कार्यन्वयनको र दलितहरुको आर्थिक, सामाजिक तथा राजनैतिक अधिकारहरुको सुनिश्चितताको लागि आवश्यक नीति योजना तथा कार्यक्रम बनाई लागू गर्ने ।

(ज) संयुक्त राष्ट्र संघीय दीगो विकास लक्ष हाशिल र कसैलाई पछाडी नछोडौ "Live No One Behind" भन्ने सुनिश्चित गर्न आवश्यक नीति योजना तथा कार्यक्रम बनाई लागू गर्ने ।

(झ) हरेक वडाले दलितको आर्थिक, सामाजिक तथा सास्कृतिक अवस्थाको प्रतिविम्व हुने तथ्यांक लिने तथा त्यसलाई अध्यावधिक गर्दै जाने

(ञ) दलितहरुको परम्परागत सीप, तथा पेशाको आधुनिकीकरण, सम्वर्द्धन तथा प्रवर्द्धन, सशक्तीकरण का लागि आवश्यक नीति, कार्यक्रम र वजेट वनाउने र लागु गर्न आवश्यक भूमिका खेल्ने

(ट) स्थानीय स्तरमा दलितको हक संरक्षण र हितप्रबर्द्धनका लागि गर्नुपर्ने आवश्यक अन्य कार्य गर्ने ।

(ठ) पालिकामा जातीय विभेद तथा छुवाछुतका घटना घटेमा त्यसको अनुगमन गरि पीडकलाई सजाय र पीडितलाई न्याय दिलाउन कानून वमोजिम गराउन आवश्यक पहल गर्ने ।

(ड) पीडित उच्च हिंसामा परि सुरक्षा दिनु पर्ने अवस्था देखिए अन्य निकायसंग समन्वय गरि सुरक्षा तथा रेखदेख गर्ने

(ठ) पालिकास्तरमा कुनै अन्तर्राष्ट्रिय वा राष्ट्रिय संघसंस्थाहरुले दलितसम्बन्धी कार्यक्रमको स्वीकृति तथा सञ्चालन गर्दा समितिसँग समन्वय गरि गर्नु पर्दछ ।

(ड) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

(३) अनुगमन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. दलित अधिकार प्रबर्द्धन, सशक्तीकरण र विकास समितिको बैठक तथा कार्यविधिः**

(क) समितिको बैठक कम्तीमा २ महिनामा एकपटक बस्नेछ ।

(ख) अध्यक्षले तोकेको मिति, समय र स्थानमा बैठक बस्नेछ उक्त बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(ग) समितिको बैठक बस्ने सूचना अध्यक्षको निर्देशनमा समितिको सदस्य-सचिवले सदस्यहरूलाई पठाउनु पर्नेछ ।

(घ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(ङ) समितिले सम्बन्धीत क्षेत्रका कुनै पदाधिकारी, प्राविधिज्ञ वा विशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(च) समितिको निर्णय सो समितिको उपाध्यक्षले प्रमाणित गर्नेछ ।

(छ) समितिको बैठक सम्बन्धी अन्य नीति, निर्देशीका तथा कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(ज) समितिको लागि आवश्यक आर्थिक भौतिक तथा प्राविधिक साधन र स्रोत गाउँपालिका कार्यालयले व्यवस्थापन गर्नु पर्नेछ ।

**६.कोषको व्यवस्था:** (१) दलित अधिकार प्रबद्धन, सशक्तीकरण तथा विकास समितिको प्रयोजनको लागि एक छुट्टैकोष हुनेछ । उक्त कोषमा देहाय बमोविमको रकम जम्मा गरि खर्च गरिने छ ।

(क) संघीय, प्रदेश र ताप्ली गाउंपालिकाले प्रदान गरेको अनुदान, सहयोग वा कार्यक्रम संचालन गर्न प्रदान गरिएको रकम,

(ख) विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकाय वा संघ संस्थाहरुबाट प्राप्त रकम,

(ग) विविध

**७. कर्मचारीको व्यवस्था:** दलित अधिकार प्रबद्धन, सशक्तीकरण तथा विकास समितिले आफ्नो प्रयोजनको लागि स्थानीय तहमा नायव सुव्वा स्तरका कर्मचारीको मातहतमा अन्य आवश्यक कर्मचारिको व्यवस्था गर्नेछ ।

## परिच्छेद - ३

## शिक्षा सम्बन्धी व्यवस्था

८. **दलित समुदायलाई निःशुल्क शिक्षाः** (१) नेपालको संविधानको धारा ३१ र धारा ४० (२) र अनिवार्य तथा निःशुल्क शिक्षाको सम्बन्धी ऐन २०७५ अनुसार ताप्ली गाउं पालिकाले प्रत्येक दलित विद्यार्थीलाई प्राथमिक तहदेखि उच्चमाध्यमिक तहसम्म अनिवार्य, गुणस्तरीय र छात्रवृति सहित निःशुल्क शिक्षाको व्यवस्थापन र कार्यान्वयनको लागि  देहाय बमोजिमको कार्य गर्ने छ ।

(क)  उपदफा (१) बमोजिम छात्रवृति सहित निःशुल्क उच्च शिक्षाकोलागि नीति, योजना र कार्यक्रम बनाई कार्यन्वयन गर्ने गराउने ।

(ख)   उपदफा (१) बमोजिम आधारभूतहदेखि उच्च माध्यमिकतहसम्म छात्रवृति सहित अनिवार्य, गुणस्तरीय र निःशुल्क शिक्षाकालागि लागि गाउँपालिको नीति, योजना र कार्यक्रम बनाई लागूगर्नु पर्नेछ । उक्त कार्यक्रमको दलित समितिले अनुगमन गर्ने छ ।

(ग)  संघीय सरकार तथा प्रदेश सरकारलले प्रदान गर्ने छात्रवृत्ति कार्यान्वयन गर्नुकासाथै ताप्ली गाउंपालिकाले प्रदान गर्ने  दलित विद्यार्थीलाई स्नातक तहदेखि विद्यावारिधीसम्म अध्ययन गर्न छुट्टै छात्रवृत्तिसम्बन्धी कार्यविधिबनाएर कार्यान्वयन गर्नेछ ।

(घ) ताप्ली गाउंपालिकाले प्राविधिक शिक्षातर्फ इन्जिनियर, डाक्टर, कानून, पत्रकारिता पढ्न चाहने दलित विद्यार्थीको लागि विशेष कार्यक्रम ल्याउनेछ । स्नातक तहदेखि अध्ययन गर्ने दलितविद्यार्थीलाई  मासिक निर्वाहभत्ता, पाठयपुस्तक, ट्युसन शुल्क र पोशाकसमेत उपलब्ध गराई निःशुल्क अध्ययनको व्यवस्था गर्नेछ । यो व्यवस्था लागु गर्दा आर्थिकरुपमा कमजोर विद्यार्थीहरुको वर्गीकरण गरि पुरै वा आंशिक छात्रवृत्तिको व्यवस्था गर्ने छ । गाउंपालिकाको पूर्ण वा आंशिक छात्रवृत्तिवाट अध्ययन सम्पन्न गर्ने व्यक्तिहरुलाई आफ्नै पालिकामा सेवा गर्न प्रोत्साहित गरिने छ र यसका लागि आवश्यक कार्यविधि वनाई लागु गरिने छ ।

(ङ) संस्थागत विद्यालय तथा क्याम्पसहरुमा अध्ययन गर्ने दलितविद्यार्थीलाई पूर्ण छात्रवृतिमा निःशुल्क अध्ययन गर्ने व्यवस्था मिलाउनेछ । र सो को कार्यन्वयन भए नभएको नियमित अनुगमन गरिने छ ।

(च) ताप्ली गाउंपालिकाले गाउंपालिका भित्रका प्रत्येक विद्यालय वा महाविद्यालयलाई छुवाछूत र भेदभावरहित दलित मैत्री विद्यालय निमार्णका लागि विशेष कार्यक्रम बनाएर कार्यान्वयन गर्नेछ ।

(छ) विद्यालय एवं महाविद्यलयका पाठ्यक्रम, पाठ्यपुस्तक वा अन्य शैक्षिक सामग्रीहरुमा जातीय भेदभावलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने खालका सांकेतिक भाषा, चित्र वा कुनैपनि बिषय वा सामाग्रीहरुलाई भएमा त्यसलाई हटाउन आवश्यक कदम चालिने छ ।

(ज) ताप्ली गाउंपालिकाले सामाजिक व्यवस्थाको परिवर्तनको लागि समतामूलक समाजको निर्माण गर्न दलित समूदायको ऐतिहासिक महापुरुषको जीवनी र सम्बन्धीत पर्यटकीय स्थलहरू ताप्ली गाउंपालिकामा विकास गरिने अतिरिक्त पाठ्य सामाग्रीहरुमा अनिवार्य समावेश गराइनेछ ।

(झ) समाजमा जातीय विभेद हटाइ समतामूलक समाज निर्माण गर्ने खालका कार्यक्रमहरू बनाइ कार्यान्वयन गर्ने र तत्सम्बन्धी प्रचार प्रसार गर्ने गराउने छ ।

(ञ) स्कूल जाने विपन्न वालवालिकाहरुलाई स्कूलले प्रदान गर्ने खाजा नभएमा दिवाखाजाको व्यवस्था गरिने छ ।

(ट) प्रत्येक विद्यालयमा दलित शिक्षक राख्ने र त्यसमा पुरै पालिका भरिका विद्यालयमा अध्यापन गराउने दलित शिक्षकहरुको संख्याको आधारमा दलित महिलाको संख्या ५० प्रतिशत पुर्‍याउने

(ठ) व्यवस्थापन समितिमा दलित समुदायको अनिवार्य प्रतिनिधित्वको नीतिगत व्यवस्था गरि लागू गर्ने गराउने ।

## परिच्छेद - ४

## स्वास्थ्य सम्वन्धी व्यवस्था

९. दलित समुदायलाई निःशुल्क स्वास्थ्यः (१) नेपालको संविधानको धारा ३५ र ४० तथा उपधारा ३ अनुसार दलित समुदायलाई निःशुल्क एवं गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउन ताप्ली गाउंपालिकाले देहायको व्यवस्था मिलाउने छन् ।

(क) ताप्ली गाउंपालिकाले उपदफा (१) बमोजिम दलित समुदायलाई निःशुल्क एवं गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउन नीति, योजना र कार्यक्रम बनाई कार्यन्वयन गर्ने । निशुल्क स्वास्थ्य सेवा उपलव्ध गराउंदा आर्थिक अवस्थाको वर्गीकरणलाई समेत आधार मानिने छ ।

(ख)संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले प्रदान गर्ने स्वास्थ्य निःशुल्क स्वस्थ्य सेवाको प्रभावकारीता र गुणस्तरीयतालाई अनुगमन गर्नुका साथै आवश्यक सुझाव र निर्देशन दिने ।

(ग) ताप्ली गाउंपालिकामा वसोवास गर्ने दलित समुदायका लागि आवश्यक स्वास्थ्य सेवा उपलव्ध गराउन नगर तथा गाउंपालिका संग समन्वय गरि **"निःशुल्क स्वस्थ्य सेवा कार्ड"** को आवश्यक व्यवस्था गरिने छ ।

(घ) विपन्न एवं अति सिमान्तकृत दलित परिवारको लगत तयार गरि त्यस्ता परिवारको निःशुल्क तथा अनिवार्य स्वास्थ्य वीमाको नीति लागू गरिने छ ।

(ङ) बिशेष जटिल प्रकृतिका रोगहरुमा विशिष्टीकृतस्वास्थ्य सेवाको हकमा दलितका विपन्न परिवारहरुलाई निर्दिष्ट गरिएका स्वास्थ्य संस्थाहरुवाट औषधि सहित निःशुल्क सेवा प्रदान गर्ने व्यवस्था गरिने छ र यसको लागि आवश्यक कार्यविधि बनाई लागु गरिने छ ।

(च) दलित महिला खास गरि गर्भवति तथा सुत्केरी महिलाहरुको लागि आवश्यक पोषणको लागि विशेष भत्ताको व्यवस्था गरिने छ ।

(छ) नेपाल सरकारले ५ वर्ष मुनीका दलित वालवालिकाहरुलाई उपलव्ध गराउने पोषण भत्ताको कार्यान्वयन तथा अनुगमन गरिनुका साथै विपन्न परिवारका वालवालिकाहरुलाई थप पोषणको व्यवस्था गर्न सकिने छ ।

(झ) दलित समुदायका जेष्ठ नागरिकहरुलाई नियमित स्वास्थ्य जांचकोलागि **"घरघरमा स्वास्थ्यकर्मी"** को सेवा व्यवस्था गरी नियमित उपचारको व्यवस्था गरिने छ ।

(ञ) स्वास्थ्य स्वंयसेविकाहरु भर्ना गर्दा समावेशी नीति अपनाई दलित महिलाहरुको प्रतिनिधित्व सुनिश्चित गरिने छ । दलित समुदायबाट स्वास्थ्य स्वयंसेविकाहरु उत्पादन गर्ने बिशेष कार्यक्रम लागू गरिने छ ।

(ट) पालिका तहमा स्वास्थ्य सेवा सम्वन्धी अन्य कर्मचारीहरुको भर्ना गर्दा समावेशी नीति अपनाईनुका साथै दलितका स्वास्थ्यकर्मीहरुलाई अनिवार्य भर्नाको व्यवस्था गरिने छ ।

## परिच्छेद - ५

## सामाजिक सुरक्षा सम्वन्धी व्यवस्था

**१०. दलित समुदायलाई सामाजिक सुरक्षा सम्वन्धी व्यवस्था** (१) नेपालको संविधानको धारा ४० तथा उपधारा ३ अनुसार दलितलाई विशेष सामाजिक सुरक्षाको व्यवस्था मिलाईने छ ।

(क) संघीय सरकारले ६० वर्ष उमेर पुरा भई ६८ बर्ष नपुगेका दलित समुदायका नागरिहरुलाई गाउंपालिकाले **"पालिका अध्यक्ष सामाजिक सुरक्षा बिशेष भत्ता"** प्रदान गरिने छ ।

ख) ताप्ली गाउंपालिकाले सवै जेष्ठ नागरिकहरुको लगत राख्दा दलित समुदायका जेष्ठ नागरिकहरुको छुट्टै लगत राख्ने छ र त्यसको अनुगमन दलित समितिले गर्ने छ ।

(ग) एकल दलित महिला र पुरुषहरुको पनि छुट्टै लगत तयार गरि **"एकल संग स्थानीय सरकार"** बिशेष भत्ता प्रदान गरिने छ ।

(घ) काम गर्ने उमेर समूहका वेरोजगार दलितहरुलाई छुट्टै कार्यविधि वनाई वेरोजगार भत्ता प्रदान गरिने छ र उनीहरुलाई उचित रोजगारीको व्यवस्था गरिने छ, यसरी रोजगारी पाएको अवस्थामा त्यस्तो भत्ता स्वतः वन्द हुने छ ।

## परिच्छेद - ६

## दलित समुदायको परम्परागत पेशा, सीप तथा व्यवसायको विकास सम्वन्धी व्यवस्था

**११. परम्परागत सीप तथा व्यवसायको विकास सम्वन्धी व्यवस्था:** (१) नेपालको संविधानको धारा ४० को उपधारा ४ अनुसार दलित समुदायको परम्परागत सीप तथा व्यवसायको विकास, आधुनिकीकरण तथा वजारीकरणको लागि देहाय बमोजमको व्यवस्था मिलाईने छ ।

(क) संघीय सरकारले कार्यन्वयनमा ल्याएको या ल्याउने "भगतसर्वजीत सीप विकास तथा उत्थानको कार्यक्रम" लाई लागु गरिने छ ।

(ख) दलितहरुको परम्परागत सीप तथा व्यवसायलाई आधुनिकीकरण गर्नकोलागि आवश्यक सीपविकासको तालिम, औद्योगिकरण तथा वजारीकरणका साथै पूजींको व्यवस्था गर्न आवश्यक सहयोग तथा सहजीकरण गरिने छ ।

(ग) परम्परागत सीप जानेका तथा त्यसको शैक्षिक मान्यता प्राप्त नगरेकाहरुलाई सीप परीक्षण र स्तरीकरण गरि शैक्षिक स्तर निर्धारण गरि प्रमाणपत्र प्रदान गरिने छ । यसका लागि आवश्यक

समन्वय तथा सहकार्य CTEVT संग गरिने छ । CTEVTले मान्यता दिन नसक्ने अवस्थाका पेशालाई मान्यता दिलाउन समेत आश्यक सहकार्य तथा सहयोग मिलाईने छ ।

(६) दलितका परम्परागत सीप तथा व्यवसायको संरक्षण, प्रवर्द्धन, सशक्तीकरण तथा विकासका लागि एउटा महाविद्यालय स्थापना गरि संचालन गर्न सकिने छ । यसवाट उत्पादित जनशक्तिलाई दफा १७ (१) (ख) बमोजिमको उद्योगहरुमा खपत गर्ने वा स्वरोजगार वन्न आवश्यक सवै व्यवस्था मिलाईने छ । यसका लागि आवश्यक कार्यविधि वनाईने छ ।

(७) दलितहरुको परम्परागत तथा मौलिक पेशाहरुलाई वौद्धिक अधिकार प्रदान गर्नको लागि आवश्यक पहल प्रदेश तथा केन्द्र सरकार समक्ष गरिने छ ।

(८) दलित समुदायको परम्परागत पेशा, सीप, कला तथा संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागि एउटा संग्रहालयको स्थापना र संचालन गरिने छ । यसलाई आन्तरिक तथा वाह्य पर्यटकीय स्थलको रुपमा विकास गरिने छ ।

(९) दलितहरुको उद्यम विकास गर्नको लागि स्थानीय तहमा संचालित वैंक तथा वित्तीय संस्था, घरेलु सेवा, परियोजना, उद्योग वाणिज्य संघ आदि संग सम्पर्क, समन्वय र सहजीकरण गरिने छ । गाउंपालिकाले प्रदान गर्ने विभिन्न खालका सीपमूलक तालिमसंग दलितका परम्परागत पेशालाई पनि जोडिने छ ।

## परिच्छेद - ७

## एकपटक जमीन उपलव्ध गराउने व्यवस्था

१२. **भूमीहिन दलितलाई एकपटक जमीन उपलव्ध गराउने व्यवस्थाः** (१) नेपालको संविधानको धारा ४० को उप-धारा ५ र भूमी सम्बन्धी ऐन २०७४ अनुसार भूमीहिन दलितहरुलाई संविधानले प्रदत्त गरे अनुसार एकपटक जमीन उपलव्ध गराउन आवश्यक देहायको व्यवस्था मिलाइने छ ।

(क) भूमीहिन दलितलाई जमीन उपलव्ध गराउंदा भूमी अधिकार आयोगसंग समन्वय गरि न्यूनतम जीविकोपार्जन हुने गरि उपलव्ध गराउने व्यवस्था गरिने छ ।

(ख) जमीन उपलव्ध गराउंदा सम्वन्धित परिवारको आर्थिक तथा रोजगारीको अवस्था विश्लेषण गरि आवासका लागि र जीविकोपार्जनको लागि भनि अलग अलग किटान गरि उपलब्ध गराईने छ । यसको लागि आवश्यक छुट्टै कार्यविधि वनाईने छ ।

(ग) जमीन उपलव्ध गराउंदा मापदण्ड तयार गरि वितरण गरिने छ ।

(घ) जग्गाको लगत लिने तथा भूमीविहिन दलितको लगत निकाल्ने कार्य पालिकाले गर्ने छ । यसका लागि आवश्यक कार्यविधि वनाईने छ

(ङ) जमीन उपलव्ध गराउंदा श्रीमान तथा श्रीमतिको नाउंमा संयुक्त लालपूर्जा दिईने छ ।

(च) एकपटक उपलव्ध गराएको जमीन कम्तिमा पनि १० वर्ष सम्म वेच्न पाईने छैन । तर अंशीयारलाई अंश दिनुपर्ने अवस्था र आय आर्जन वा उद्यम संचालन गर्न आवश्यक देखिएमा धितो राख्न सकिने छ तर त्यसको स्वीकृति अधिकार प्राप्त सरकारी निकायवाट लिनु पर्ने छ ।

(छ) पालिकामा भएका सम्पूर्ण भूमिहिन दलितहरुलाई संविधानले प्रदत्त गरे अनुसार जग्गा उपलव्ध गराउन ऐन जारी भएको मितिले ५ वर्ष भित्रमा सम्पन्न गर्नु पर्नेछ ।

## परिच्छेद - ८

## आवास उपलव्ध गराउने सम्वन्धी व्यवस्था

१३. **आवास विहिन दलितलाई आवास उपलव्ध गराउने व्यवस्थाः** नेपालको संविधानको धारा ४० को उपधारा ६ मा व्यवस्था भएअनुसार आवास विहिन दलितहरुलाई एकपटक आवास उपलव्ध गराउन देहाय बमोजिमको व्यवस्था गरिने छ ।

(क) संघ, प्रदेश तथा ताप्ली गाउंपालिकाले ले जनता आवास कार्यक्रमलाई समेत धारा ४० को ६ बमोजिमको कार्यक्रमसंग समन्वय गरि संचालन गरिने छ ।

(ख) आवास उपलव्ध गराउंदा सरकारवाट जमीन प्राप्त भूमीहिन दलितहरुलाई पहिलो प्राथमिकता दिईने छ । आफ्नो जग्गा भएका तर आवास निर्माण गर्न नसक्ने दलितहरुलाई पनि क्रमशः आवासको व्यवस्था गर्दै लगिने छ । यस्तो कार्य ऐन जारी भएको ५ बर्ष भित्र सम्पन्न गर्ने गरि कार्यविधि बनाई लागू गरिने छ ।

(ग) वजार क्षेत्रमा वाहेक अन्यत्र आवासको लागि जग्गा वितरण गर्दा कमसेकम करेसावारी उपलव्ध हुने आधारमा जग्गा वितरण गरिने छ ।

(घ) आवास निर्माण गर्दा सामुहिक आवास निर्माणमा जोड दिईने छ जसले गर्दा अन्य पूर्वाधार तथा सेवाहरु उपलव्ध गराउन सहज हुनुका साथै सामुदायिक भावानाको पनि विकास हुने छ ।

(ङ) आवास निर्माण तथा वस्ती विकास गर्दा अन्य समुदायसंग दलितको अन्तरघुलनको अवस्थालाई पनि मध्यनजर गरि अन्य गैरदलित भएको वस्ती नजिक आवास निर्माणमा प्रोत्साहित गरिने छ ।

(च) आवास भवन निर्माण गर्दा संयुक्त परिवार र एकल परिवारलाई अलग अलग मापदण्ड बनाई सोही आधारमा वितरण गरिने छ ।

(छ) सरकारी अनुदानवाट प्राप्त घरलाई कम्तिमा १० वर्ष सम्म वेच्न पाईने छैन । तर अधिकार प्राप्त अधिकारीसंगको स्वीकृतिमा आय आर्जन तथा उद्यम संचालन गर्नको लागि धितो राख्न सकिने छ।

## परिच्छेद - ९

## पालिकाका सवै निकायमा समानुपातिक समावेशी प्रतिनिधित्व सम्वन्धी व्यवस्था

१४. गाउंपालिकाका **सवै निकायमा समानुपातिक समावेशी प्रतिनिधित्व गराउने व्यवस्थाः** (१) नेपालको संविधानको धारा ४० को उपधारा १ अनुसार ताप्ली गाउंपालिकाका सवै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा देहाय बमोजिमको प्रतिनिधित्वको व्यवस्था मिलाईने छ ।

(क) ताप्ली गाउं पालिका अन्तरगत रहने कुनै पनि निकाय तथा सेवा केन्द्रहरुमा दरवन्दी खुल्दा समानुपातिक समावेशी सिद्धान्तको आधारमा भर्ना लिईने छ । कोटा छुट्याउन नमिल्ने अवस्थामा कम्तिमा पनि एकजना दलितका महिला वा पुरुषलाई भर्ना गरिने छ । समानुपातिक प्रतिनिधित्व सुनिश्चितताका लागि ऐन जारी भएको २ बर्ष भित्र सामुहिक प्रवेशको नीति अवलम्बन गरिने छ।

(ख) संघ, प्रदेश तहमा खोलिएका लोकसेवा तथा अन्य निकायको दरवन्दी खुल्दा त्यसमा प्रतिस्पर्धा गर्न सक्ने वनाउनका लागि आवश्यक तयारी कक्षा संचालन गरिने छ वा त्यस्ता तयारी गराउने संस्थामा पठाईने छ र अति गरिब परिवारका दलितलाई निशुल्क पढाईने छ ।

(ख) ताप्ली गाउंपालिका अन्तर्गत सुरक्षा निकाय (गाउं प्रहरी)को व्यवस्था भएमा मा भर्ना हुनको लागि आवश्यक न्यूनतम योग्यता पुगेका दलितहरुलाई त्यहां पुर्‍याउनका लागि तयारी कक्षा तथा शारीरिक सक्षमताको कम्तिमा तीन महिनाको निशुल्क तालिम प्रदान गरिने छ ।

## परिच्छेद -१०

## छुवाछूत तथा जातीय विभेद उन्मूलनसम्वन्धी व्यवस्था

१५. **छुवाछूत तथा जातीय विभेद उन्मूलनसम्वन्धी व्यवस्था:** (१) नेपालको संविधानको धारा २४ तथा जातीय तथा अन्य सामाजिक छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ कालगि देहाय बमोजिमको कार्य गरिने छ ।

(क) गाउंपालिकाका अध्यक्षको  नेतृत्व र सम्बन्धित सबै सरोकारवालाहरुको सहभागितामा छुवाछूत तथा जातीय विभेद अन्त्य सम्बन्धी गाउंपालिका स्तरीय सामाजिक जनचेतना अभियान संचालन गर्ने,

(ख)  छुवाछुत तथा जातीय विभेद उन्मूलन निगरानी डेस्कको स्थापनाः  ताप्ली गाउंपालिकाले छुवाछुत तथा जातीय विभेद उन्मूलनका लागि देहाय बमोजिमको  छुवाछुत तथा जातीय विभेद उन्मूलन निगरानी डेस्कको स्थापना गर्ने सक्नेछः  यदि नजिकैको प्रहरी चौकी वा कार्यालयमा दलित डेस्क रहेको अवस्थामा यस्तो डेस्क नरहन पनि सक्छ ।

(ग) उक्त (ख) (१) बमोजिमका डेस्कमा दलित समुदायका प्रतिनिधिलाई जिम्मेवारी दिईने छ । उक्त व्यक्तिले डेस्कमा प्राप्त उजुरी एवं निवेदन तोकीए बमोजिम सम्बन्धित शाखामा वा निकायमा प्रेसित गर्नु पर्नेछ ।

(घ)  निगरानी डेस्कको अन्य काम, कर्तव्य र अधिकार कार्यालय प्रमुखले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-११

## विविध व्यवस्था

१६.**विशेष व्यवस्था:** (१) ताप्ली गाउंपालिकाले विपन्न दलित समुदायलाई  सहुलियत दरमा रासन उपलब्ध गराउन रासन कार्डको व्यवस्था गर्नेछ । यसकालगि कार्यविधि वनाई  आर्थिक वर्गीकरणलाई मुख्य आधार वनाईने छ ।

(२) उपदफा (१) बमोजिमको रासन कार्ड सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम रासन कार्ड प्राप्त भएका दलित समुदायलाई अति आवश्यक खाद्यान्न वस्तु सहुलियत दरमा  उपलब्ध गराइनेछ ।

**१७. उजुरी गर्न सक्ने:** जातीय भेदभाव तथा छुवाछूतको घटनामापीडित व्यक्ति वा उसका आफन्तले दफा २२ को दफा (१) को (ख)  बमोजिमगठन भएको समितिमा उजूरी गर्न सक्नेछ ।

१८. **प्रतिवेदन पेश गर्नुपर्ने:** (१) दफा ७ बमोजिम गठन भएकोसमितिले प्रत्येक आर्थिक वर्षको प्रतिवेदन देहाय बमोजिम तयारी गर्नु पर्नेछ ।

(क) चालु आर्थिक वर्ष समाप्त भएको २ (दुई) महिनाभित्र गत आर्थिक बर्षमा गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन तयारी गरिने छ ।

(ख) उपदफा १ (क) बमोजिमको उक्त पतिवेदन  अध्यक्ष समक्ष वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(ग) उपदफा १ (क) बमोजिमको प्रतिवेदन ताप्ली गाउंपालिकाले गाउँपालिकासभामा पेश गर्नुपर्नेछ ।

(घ) उक्त (ग) बमोजिम पेश भएको प्रतिवेदन माथि छलफल गाउँपालिका सभामा हुनेछ ।

(४) यस दफा बमोजिमको प्रतिवेदनमा गाउँपालिका सभाले गाउंपालिका सम्बन्धीत समितिलाई आवश्यक सल्लाह, सुझाव र निर्देशन दिनेछ ।

१९. **नियम बनाउन सक्ने:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गांउपालिकाले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

२०. **कार्यविधि तथा निर्देशिका बनाउने अधिकार :** यस ऐनको कार्यान्वयन गर्न गाउंपालिका तहका अनुगमन समिति र विकास समितिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

२१. यो ऐनमा जे सुकै लेखिएको भएता पनि नेपालको संविधान तथा संघीय ऐन, तथा प्रदेश ऐनसंग वाझिने अवस्थामा यसका प्रावधानहरु स्वतः निश्कृय हुनेछन् र आवश्यक संसोधन वा पमािर्जन गाउंपालिका सभाले गर्ने छ ।